




PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ वैशाख ०९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३३

## पर्साका १३ वटा पालिकामा निर्वाचन कार्यालय स्थापना

प्रस, वीरगंज, ८ वैशाख/

पर्साका १३ वटै पालिकामा बिहीवार निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ।






वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि वीरगंज महानगरबाहेक




१३ वटा पालिकामा कार्यालय सञ्चालनमा आएको मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले बताए। उनले वीरगंज महानगर तथा जिल्ला समन्वय समितिको निर्वाचन मुख्य निर्वाचन अधिकृतले गराउने तथा अन्य पालिकाको हकमा निर्वाचन




अधिकृतको जिम्मेवारी तोकिएको बताए।

मुख्य निर्वाचन अधिकृत पौडेलले पर्सागढीमा केशव पौडेल, पोखरियामा पद्मबहादुर कार्की, बहुदरमाई नगरपालिकामा कैलाशप्रसाद भट्टराई, छिपहरमाईमा मुकुन्द निरौला, जगरनाथपुरमा चिन्तामणि शर्मा, धोबिनीमा कैलाश दाहाल, पकहामैनपुरमा कृष्णप्रसाद खड्का, विन्ध्यवासिनीमा अरुणकुमार कोइराला, सखुवाप्रसौनीमा डा सूर्यप्रसाद पौडेल, कालिकामाईमा प्रकाश कोइराला, जीराभवानीमा झविन्द्रप्रसाद पाण्डे, ठोरीमा विश्वराज न्यौपाने र पटेर्वासुगौलीमा गौतम भण्डारीलाई निर्वाचन अधिकृतको जिम्मेवारी तोकी पठाएको जिल्ला निर्वाचन कार्यालय, पर्साका प्रमुख रञ्जीता झाले बताइन्।

आजदेखि सञ्चालनमा आएका निर्वाचन अधिकृतको कार्यालयले सर्वदलीय छलफल गरी निर्वाचनलाई सभ्य तथा मर्यादित बनाउनका लागि सुझाव सङ्कलन गरेको प्रमुख झाले बताइन्। तर वीरगंज महानगरमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला समन्वय समितिको कार्यालयमा सञ्चालन भएकोले भोलि सर्वदलीय बैठक बोलाइ छलफल गर्ने उनले बताइन्।

*रामेश्वर मेहता, सिम्रौनगढ/*

बाराको सिम्रौनगढ नगरपालिकामा बिहीवार निर्वाचन अधिकृतको कार्यालय




स्थापना भएको छ।

सिम्रौनगढ नपा कार्यालयभित्र स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयको उद्घाटन निर्वाचन अधिकृत मनोजकुमार गुप्ताले गरेका थिए। सो अवसरमा उनले स्थानीय तह निर्वाचन प्रयोजनको लागि आजदेखि कार्यालय सञ्चालनमा आएको र निर्देशन बमोजिमका कार्यहरू गरिने जानकारी गराए। कार्यक्रममा सिम्रौनगढ नपाका प्रमुख प्रशासकीय अधिकृत एव सहायक निर्वाचन अधिकृत हरिओमप्रसाद जयसवाल, नेपाल पत्रकार महासङ्घ, बाराका उपाध्यक्ष रामबाबू मेहतालगायतको सहभागिता थियो।

*शैलेन्द्र झा, रौतहट/*

रौतहटका १८ वटा स्थानीय तहमा बिहीवार निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ।

जिल्ला निर्वाचन कार्यालय, रौतहटद्वारा आयोजित राजनीतिक दल तथा सरोकारवालासँगको अन्तर्क्रिया कार्यक्रममा १८ वटै स्थानीय तहमा आज निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको जानकारी गराइएको हो।

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र कर्मचारी कार्यक्षेत्रमा खटेका निर्वाचन कार्यालय, रौतहटका प्रमुख छोटेलाल दासले बताए। कार्यक्रममा उनले आचारसंहिताबारे जानकारी गराएका थिए। कार्यक्रममा मुख्य निर्वाचन अधिकृतलगायत सम्पूर्ण निर्वाचन अधिकृत, राजनीतिक दल तथा सञ्चारकर्मीहरूको सहभागिता थियो।

*जीतलाल, निजगढ/*

स्थानीय तहको निर्वाचन सम्पन्न

(बाँकी अन्तिम पातामा)

## ठोरीमा टिकटका लागि दल बदल्ने होडबाजी

माधव तिमिल्सिना, ठोरी, ८ वैशाख/

स्थानीय तहको चुनाव नजीकिँदै जाँदा पर्साको सबैभन्दा पश्चिमी गाउँपालिका ठोरीमा पनि दिनहुँ दल




माओवादी केन्द्र परित्याग गरेर जसपामा प्रवेश गरेका वडाध्यक्ष कुँवर।



एमाले परित्याग गरेर माओवादी केन्द्रमा प्रवेश गरेकी भीमकुमारी श्रेष्ठ।

बदल्ने होडबाजी नै चल्न थालेको छ।

दल बदल्नेहरूमा अधिकांश आसन्न स्थानीय तहको निर्वाचनमा साबिककै पार्टीबाट टिकट नपाएका र कतिपयले पार्टीभित्रको असन्तुष्टिका कारण दल बदलेको पाइएको छ।

हिजो मात्र ठोरी गापामा नेकपा माओवादी केन्द्रका स्थानीय प्रभावशाली नेता वडाध्यक्ष रामप्रकाश कुँवर माओवादी परित्याग गरेर जनता समाजवादी पार्टी प्रवेश गरे। ठोरी गापाका प्रवक्तासमेत रहेका कुँवरसहित अन्य व्यक्तिहरू पनि उनीसँगै जसपामा प्रवेश गरे। कुँवरले पार्टी त्याग्नुको कारण नबताए पनि वडाध्यक्षको टिकट वितरणमा उनलाई बाइपास गरिएको अनुमान उनीनिकटका मानिसहरूले लगाएका छन्।

हिजै माओवादी केन्द्रबाट ठोरी-४ मा वडासदस्यमा निर्वाचित मानबहादुर बुढाथोकीले पनि माओवादी परित्याग गर्दै एमाले प्रवेश गरे। उनले एमालेले आयोजना गरेको टोल भेलामा माओवादीमा व्यक्तिवाद हाबी भएको आरोप लगाउँदै जीवनभर माओवादी नफर्कने गरी एमाले प्रवेश गरेको घोषणा गरे। यसअघि अस्ति मङ्गलवार नेकपा माओवादी केन्द्रको बलियो आधार क्षेत्र ठोरी-४ ठाडोलाइनबाट माओवादी केन्द्रका युवा नेता काजी पाख्रिन काङ्ग्रेस प्रवेश गरेका थिए।

काङ्ग्रेसले उनलाई वडासदस्यको उम्मेदवार बनाएको छ।

यसैबीच, निरु तामाङले एमाले परित्याग गरि माओवादी केन्द्र प्रवेश गर्दै सो पार्टीबाट उपाध्यक्ष पद हात पारेकी छन्। उनले एमाले परित्याग गरेर सोही शर्तमा माओवादी केन्द्र प्रवेश गरेकी र केन्द्रले उनलाई उपाध्यक्षको उम्मेदवार घोषणा गरेको छ।

यता आज ठोरी गापा-३ बाट एमाले परित्याग गरेकी भीमकुमारी श्रेष्ठले पनि वडासदस्यको टिकट पाएकी छन्।

एमालेबाट वडासदस्यमा टिकट पाउने सम्भावना न्यून देखेपछि उनी माओवादी केन्द्रमा प्रवेश गरेकी हुन्। अहिले ठोरीमा स्थानीय तहलाई लक्षित गरेर दिनहुँ सभा, समारोह भइरहेका छन् र यस्ता सभा, समारोहमा पार्टी प्रवेश कार्य तीव्र छ।

## एमाले र लोसपाबीच वीरगंजमा चुनावी तालमेल

प्रस, वीरगंज, ८ वैशाख/

वीरगंज महानगरपालिकामा नेकपा एमाले, पर्सा र लोकतान्त्रिक समाजवादी पार्टी, पर्साबीच चुनावी तालमेल भएको छ।

बिहीवार आयोजित कार्यक्रममा एमाले, पर्साका अध्यक्ष जयप्रकाश थारू र लोसपा, पर्साका अध्यक्ष पुरुषोत्तमलाल झाले स्थानीय तहको निर्वाचनमा एमाले र लोसपाले तालमेल गरेर वीरगंज महानगरपालिकामा चुनाव लड्ने घोषणा गरे।

दुवैले सहमतिपत्रमा हस्ताक्षर पनि गरेका छन्। सहमतिपछि महानगरमा दुवै पार्टीले सहमतिका आधारमा उम्मेदवार चयन गर्ने बताइएको छ।

कार्यक्रममा नेकपा एमालेका सचिव एवं मधेस प्रदेश इन्चार्ज रघुवीर महासेठ, पोलिटब्यूरो सदस्य एवं सहइन्चार्ज पुरुषोत्तम पौडेल, लोसपाका नेता लक्ष्मणलाल कर्ण, विमल श्रीवास्तव, लोसपा, पर्साका इन्चार्ज रमेश पटेल,




प्रदेशसभा सदस्य प्रह्लाद गिरी, एमाले, पर्साका इन्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्यद्वय राजकुमार गुप्ता, अरविन्द सिंहलगायतको सहभागिता थियो।

### एमालेको निर्वाचन परिचालन कार्यालय उद्घाटन

प्रस, वीरगंज/

नेकपा एमालेका सचिव रघुवीर महासेठले नेता, कार्यकर्ताहरूलाई स्थानीय चुनावमा होमिन निर्देशन दिएका छन्।

बिहीवार नेकपा एमाले वीरगंज महानगरको वडा नं १२ मा निर्वाचन परिचालन कार्यालय उद्घाटन गर्दै सचिव महासेठले स्थानीय चुनाव मुखमा आइसकेकोले एमालेलाई जिताउन आग्रह गरे। उनले पार्टीले दिएको जिम्मेवारीलाई इमानदारिताका साथ निर्वाह गर्दै एमाले उम्मेदवारलाई जिताउन सुझाए। कार्यक्रममा एमाले मधेस प्रदेशका सहइन्चार्ज पुरुषोत्तम पौडेल, पर्सा इन्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्यहरू राजकुमार गुप्ता, अरविन्द सिंह र पर्सा अध्यक्ष जयप्रकाश थारू, वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीलगायतको सहभागिता थियो।

## दुर्घटनामा पत्रकारको मृत्यु

नितेश कर्ण, वीरगंज, ८ वैशाख/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२ मुसर्नीमाईमा बिहीवार बिहान मोटरसाइकल दुर्घटना हुँदा एकजना सञ्चारकर्मीको मृत्यु भएको छ।

वीरगंज महानगरपालिका-३१ सोलखपुरका सञ्चारकर्मी रमेश चौलागाईंको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ। सिमराबाट सोलखपुर




जाने क्रममा चौलागाईंले चलाएको ना.१९प ८८१८ नम्बरको मोटरसाइकल विद्युत् पोलमा ठोक्किएर दुर्घटना भएको र उनको घटनास्थलमा नै मृत्यु भएको

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**महान् व्यक्तिले न कसैको अपमान गर्छ, न कसैको अपमान सहन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## टिकट चाहियो

**स्थानीय तहको चुनावका लागि मनोनयन दर्ताको समय नजीकिँदै गर्दा दलहरूलाई उम्मेदवार टुङ्गो लगाउने चटारो छ। अर्कोतर्फ दल प्रवेशको क्रम तीव्र छ । चुनाव केन्द्रित दल परिवर्तन गर्नेहरूका लागि नीति, सिद्धान्त तथा आदर्शभन्दा पनि कुर्सी मुख्य कारण देखियो । आफू रहिआएको पार्टी सङ्गठनबाट टिकट नपाउने वा टिकट पाए पनि नजित्ने अवस्था देखिएपछि आफूअनुकूल पार्टी हेरेर परिवर्तन गरिरहेका छन्। स्थानीय तहको चुनावको लागि यही वैशाख ११ र १२ गते मनोनयनपत्र दर्ताको मिति छ। उम्मेदवारका आकाङ्क्षी नेता, कार्यकर्ताहरूले जे पनि यही बीचमा गर्नु छ । एकातर्फ उम्मेदवारी पाउने/नपाउनेबारे टुङ्गो नभएकाहरूलाई अर्कोतर्फ पर्ख, पर्खको वचन दिइएको छ । पदकै लागि मरिहत्ते गर्नेहरू आफूले टिकट नपाएमा टिकट पाउने व्यक्तिलाई हराउन पाए मात्रै पनि सन्तुष्ट हुन्छन् । त्यसैले उनीहरू हराउनकै लागि भएपनि अर्को कुनै पार्टी वा स्वतन्त्र उम्मेदवारी दिने तयारीमा छन्। दलहरूले धेरै स्थानमा उम्मेदवारको छिनोफानो मनोनयन दर्ताको आसपासमा पुगेर गर्छन्। यसो गर्दा टिकट नपाएका आफ्ना नेता, कार्यकर्तारू अर्को दलमा गएर टिकट लिन सक्ने अवस्था न्यून रहने उनीहरूको बुझाइ छ ।**

**एउटा पार्टीबाट उछिट्टिएका नेता, कार्यकर्तालाई आफ्नो पञ्जामा पार्न अर्का दलहरू टन्नै हात फैलाएर उभिएका छन्। आफ्नो प्रभाव नरहेको वा उम्मेलवार बनिदिने भरपर्दो व्यक्तिसमेत नहेको अवस्थाका कतिपय दलहरू अर्को दलका व्यक्ति प्रवेश गरी आउँला र उम्मेदवार बनाउँला भनेर कुरिरहेका छन् । नयाँ तथा साना दलको मात्रै कुरा होइन, कतिपय स्थानीय तहमा पुराना, ठूला दलहरूको पनि हबिगत उस्तै छ । च्याउझैं उम्रिएका राजनीतिक दलहरूले भित्ते उम्मेदवार मात्रै भने पनि बन्न मरिहत्ते गर्नेहरूको मनोकाङ्क्षा पूरा गरिरहेका छन् । सत्तारूढ पाँच दलीय गठबन्धनले टिकट सङ्ख्यालाई सीमित गराइदिएको छ । पाँच दलको तर्फबाट एउटै पालिकामा पाँचजना उम्मेदवार हुन्थे भने अब अधिकांश स्थानमा एकजना मात्रै उम्मेद्वार बन्दैछन् । यो क्रम अध्यक्ष वा प्रमुखमा मात्रै होइन, स्थानीय तहका सातवटै पदमा लागू हुने हुँदा ३५ जना उम्मेदवार हुने ठाउँमा गठबन्धनको कारण सातजना मात्रै उम्मेद्वार हुने भए । त्यसैले वर्तमान गठबन्धन दलका नेता, कार्यकर्ताहरू टिकटको सुरक्षा खोज्दै एक दलबाट अर्को दल चहार्ने क्रम जारी छ । पाँचसँग एक्लै लड्छु भनेर कुर्लने एमाले पनि अन्ततः चुनावी गठबन्धन बनाउने प्रयासमा लागेको देखिन्छ। यसो भयो भने उक्त पार्टीबाट बाहिरिनेहरूको सङ्ख्या पनि गन्न लायक हुनेछ। चुनाव जित्न सक्ने दल तथा उम्मेदवारहरू को को हुन् भन्ने कुरा हरेक स्थानीय तहका राजनीतिक दल तथा उम्मेदवारहरूलाई थाहा छ। कुनै पालिकामा दुईपक्षीय भिडन्त होला, कतै त्रिपक्षीय त कतै चौपक्षीय पनि होला । त्यसबाहेक प्रतिस्पर्धामा नै आउन नसक्ने दलहरूमा पनि टिकटको लागि मारामार चलेको छ ।**

**आफ्नो प्रभाव नहरे पनि राजनीतिक दलहरूले आउँदो संसदीय चुनावका लागि वा सङ्गठन विस्तार र दलको मत सुरक्षित राख्न उम्मेदवार खडा गर्नु स्वाभाविक कुरा हो । तर हार निश्चित देख्दादेख्दै पनि पैसा खर्चिएर चुनाव लड्न चाहने उम्मेदवारहरू साँच्चिकै लड्नकै लागि उठ्न चाहेका हुन् वा अरू नै कारण छ ? कारण एउटै रहेछ, चिनिन वा स्थापित हुन । स्थापित किन हुनुपर्‍यो, यसको कारण धेरै छन्। अलिकति चिनिन पायो भने आफ्नो दल र अर्का दलका उपल्लो नेताहरूले चिन्नेछन्। हारे पनि भोलि दलीए भाग शान्तिको अवस्था आउँदा भाग पाउन सकिन्छ। गाउँटोलमा बजेटको मूल फुटेको छ । त्यसमा पहुँच पुर्‍याउन नेतामा दरिनुपर्छ । अर्कोतर्फ हरेक उद्योगी, व्यापारी, कर्मचारी, तस्कर, भूमाफियाहरूले आफ्नो पक्षमा बोलिदिन वा मध्यस्थता गरिदिन पकेट नेताहरू राखेका हुन्छन् । त्यस्ता पकेट नेतामा भर्ना हुन पनि नेताको योग्यता पुगेको व्यक्ति हुनुपर्छ । यसको निम्ति दुई/चार पटक चुनाव हार्नु पनि भरपर्दो योग्यता हो ।**

# स्वदेशी लगानीमा बुढीगण्डकीको निर्माण हुने

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपालले हालै ४५६ मेगावाटको तामाकोशी विद्युत् आयोजनाको निर्माण स्वदेशी लगानीबाटै गरेको कारण देशको उत्साह पनि बढेको छ । चीनभन्दा बढी चिनियाँमुखी बन्ने नेपालका केही दल र नेताहरूको क्रियाकलापले देशलाई ठूलो अहित गर्नेछ ।**

सरकारले १२ सय मेगावाटको बूढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने भएको छ। कहिले स्वदेशी लगानी त कहिले विदेशी कम्पनीलाई जिम्मा लगाइँदै आएको राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत यस आयोजनाको निर्माण अब चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप कम्पनी लिमिटेडलाई नदिएर आन्तरिक स्रोतबाट वित्तीय व्यवस्थापन गरी आयोजना निर्माण हुने भएको छ । आयोजनाको लागत अनुमान ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयले पुनरवलोकन गरिरहेको छ । नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण स्वदेशी लगानीमा गर्ने निर्णय गर्दै आएको छ जबकि वामपन्थी नेतृत्वको सरकारले चिनियाँ कम्पनीलाई निर्माण कार्यको जिम्मा दिन सधैं हतार गरेको देखिन्छ। एउटा राजनीतिक दलको सम्बन्ध विश्वका कुनै पनि देशका राजनीतिक दलहरूसित हुन सक्दछ तर राजनीतिक आस्था अथवा दलीय चिन्तनका कारण राष्ट्रिय हितसित सम्झौता हुनुहुँदैन ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७४ कात्तिक २७ मा पनि आयोजनाको निर्माणबाट गेजुवालाई निकाल्ने निर्णय गरेको थियो । तर केपीशर्मा ओली नेतृत्वको सरकारले उक्त निर्णय उल्टाउँदै गेजुवालाई नै दिने निर्णय गरेको थियो। जबकि यसबीच गेजुवाले आयोजनामा केही काम नै गरेन। करीब साढे चार वर्ष अघि बूढीगण्डकीबाट गेजुवालाई निकाल्ने निर्णयसँगै स्वदेशी लगानीको खाका तयार गर्न राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष स्वर्णिम वाग्लेको संयोजकत्वमा उच्चस्तरीय अध्ययन कार्यदल गठन भएको थियो । उक्त समितिले दिएको प्रतिवेदनकै आधारमा आयोजना बनाउने निर्णय सरकारबाट भएको छ ।

बूढीगण्डकी आयोजना पटक–पटक राजनीतिक विवाद र सरकारपिच्छे हुने निर्णयबाट अनिश्चित हुँदै आएको छ । आयोजना कहिले आफैं बनाउने त कहिले विनाप्रतिस्पर्धा गेजुवालाई दिने निर्णय हुँदै आएको छ। सरकारले २०६९ मङ्सिर १८ मा बूढीगण्डकी जलविद्युत् आयोजना विकास समिति गठन आदेश २०६९ जारी गरेर आयोजना विकास समिति गठन गरेको थियो । पछि सरकार आफैंले उक्त समिति भङ्ग गर्‍यो र २०७४ जेठ २१ मा बूढीगण्डकी निर्माणको जिम्मा गेजुवालाई दिने सम्झौता भयो । त्यति बेला नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' देशका प्रधानमन्त्री थिए। इन्जिनीयरिङ, खरीद, निर्माण र लगानी (इपिसिएफ) मोडेलमा आयोजना बनाउन ऊर्जा मन्त्रालय र गेजुवाबीच उक्त सम्झौता भएको थियो। विनाप्रतिस्पर्धा आयोजना निर्माणको जिम्मा चिनियाँ कम्पनीलाई दिएपछि संसद्मा चर्को विरोध पनि भएको थियो।

तत्कालीन व्यवस्थापिका संसद् अन्तर्गतको कृषि तथा जलस्रोत समिति र अर्थ समितिको २०७४ असोज ९ मा बसेको संयुक्त बैठकले प्रतिस्पर्धा गराएर मात्र आयोजनाको ठेक्का लगाउन सरकारलाई निर्देशन दिएको थियो । समितिको सोही निर्देशन अनुसार २०७४ कात्तिक २७ मा कन्स्ट्रक्शन (इपिसिएफ) मोडेलमा नेपाल विद्युत् प्राधिकरणमार्फत स्वदेशी लगानी तथा प्रविधि प्रयोग गरी विकास गर्ने निर्णय भयो । तत्कालीन ऊर्जामन्त्रीको प्रस्तावमा विद्युत् प्राधिकरणको सहायक कम्पनीका रूपमा विशिष्टीकृत आयोजना कार्यान्वयन एकाइ स्थापना गरी आयोजना बढाउन सकिने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो ।

बूढीगण्डकी आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनका लागि नेपाल विद्युत् प्राधिकरण र फ्रान्सको कम्पनी ट्र्याक्टेबल इन्जिनियरीङबीच २०१२ डिसेम्बरमा सम्झौता भएको थियो। उक्त कम्पनीले २०१५ अक्टोबरमा बुझाएको प्रतिवेदनमा बूढीगण्डकीको लागत अनुमान २ खर्ब ७० करोड रुपियाँ गरिएको छ। त्यसको दुई वर्षपछि गठित उच्चस्तरीय समितिले तयार गरेको प्रतिवेदनमा ट्र्याक्टेबल इन्जिनीयरिङले तयार पारेको लागतभन्दा १० प्रतिशत कममा आयोजना बनाउन सकिने उल्लेख छ । स्वदेशी लगानीमैं ८ वर्षभित्र आयोजना बनाउन सकिने उक्त समितिको आकलन छ ।

२०६८ सालमा तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराईद्वारा विकास समितिमार्फत आयोजना अघि बढाउन बूढीगण्डकी आयोजना विकास समिति गठन गरिएको थियो। २०६९ सालमा डा बाबुराम भट्टराई (तत्कालीन ऊर्जामन्त्रीसमेत) द्वारा विकास समिति गठन आदेश परिवर्तन गरी कार्यकारी अधिकार निर्देशकबाट खोसेर अध्यक्षमा प्रत्यायोजन गरिएको थियो । २०७१ कात्तिकमा १२ सय मेगावाटको यस आयोजनासम्बन्धी समिति गठन गर्ने आदेश परिमार्जन गरी तत्कालीन ऊर्जामन्त्रीद्वारा कार्यकारी अधिकार अध्यक्षबाट खोसेर पुनः निर्देशकमा प्रत्यायोजन गरियो ।

२०७३ जेठ १५ मा तत्कालीन अर्थमन्त्रीद्वारा आव २०७३–०७४ को बजेटमार्फत बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि लगानी जुटाउन पेट्रोलियम पदार्थमा पाँच रुपियाँ कर उठाउने व्यवस्था लागू गरियो । २०७३ सालकै साउनमा ऊर्जामन्त्री टोपबहादुर रायमाझीको प्रस्तावमा विकास समिति खारेज गरी बूढीगण्डकी जलविद्युत् आयोजना कम्पनी मोडेलमा बनाउने मन्त्रिपरिषद्बाट निर्णय भयो । २०७४ जेठ ९ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (ऊर्जामन्त्री पनि माओवादीकै)द्वारा विकास समितिबाट खोसेर आयोजना चीन सरकारको पूर्ण स्वामित्वमा रहेको चाइना गेजुवा ग्रुप कम्पनीलाई दिने निर्णय गरियो। कर नेपाली जनताले तिर्ने र विनाप्रतिस्पर्धा टेन्डर भने चिनियाँ कम्पनीलाई दिने क्रान्तिकारी निर्णय भएको थियो।

२०७४ जेठ २१ मा इन्जिनीयरिङ प्रोक्योरमेन्ट कन्ट्र्याक्ट विथ फाइनान्स (इपिसिएफ) मोडेलमा चिनियाँ कम्पनीलाई आयोजना बनाउन दिने विषयमा समझदारी भयो। २०७४ भदौ १९ मा ऊर्जा मन्त्रालयद्वारा बूढीगण्डकी आयोजना चीनको बिआरआई परियोजना अन्तर्गत सहयोगका लागि प्रस्ताव गर्न परराष्ट्र मन्त्रालयलाई बोधार्थसहित अर्थ मन्त्रालयलाई औपचारिक पत्र पठाइएको थियो। २०७४ असोजमा चिनियाँ कम्पनी गेजुवालाई बूढीगण्डकी बनाउन दिने समझदारी खारेज गर्न तत्कालीन संसद्को कृषि तथा जलस्रोत समिति र अर्थ समितिद्वारा सरकारलाई निर्देशन दिइएको थियो । २०७४ कार्तिकमा गेजुवालाई बूढीगण्डकी बनाउन दिने समझदारी एकपक्षीयरूपमा खारेज गरिएको थियो। ऊर्जा मन्त्रालयको यस निर्णयको विरोधमा गेजुवाले तत्कालीन प्रधानमन्त्रीलाई पत्र पनि लेखेको थियो। २०७४ मङ्सिर ४ मा सरकारद्वारा उक्त परियोजना नेपाल विद्युत् प्राधिकरणको संयोजनमा स्वदेशी लगानीमैं निर्माण गर्ने निर्णय गरियो।

२०७४ माघ २६ मा स्वदेशी लगानीमैं बूढीगण्डकी आयोजना बनाउन सकिने गरी स्वर्णिम वाग्ले नेतृत्वको समितिले तयार पारेको अध्ययन प्रतिवेदन मन्त्रिपरिषद्द्वारा स्वीकृत भयो । २०७५ भदौ १ मा वाम गठबन्धन सरकारका प्रधानमन्त्री केपीशर्मा ओली नेतृत्वमा रहेका बखत चिनियाँ निर्माण कम्पनी गेजुवाले आफ्नो कम्पनीको काम निकै अघि बढेको दाबी गर्दै पुनः इपिसिएफ मोडेलकै आयोजनाको काम गर्न पाउने इच्छा व्यक्त गरेको थियो । वाम गठबन्धनको सरकारले चिनियाँ कम्पनीको प्रस्ताव नमान्ने कुरै भएन र २०७५ असोज ५ मा मन्त्रिपरिषद्को बैठकले ऊर्जा, सिंचाइ तथा जलस्रोत मन्त्रालयलाई चिनियाँ कम्पनी गेजुवासँग वार्ता गरी सम्झौतामा हस्ताक्षर गर्न निर्देशन जारी गर्‍यो । तीन चरणको वार्तापछि सिजिजिसीले आयोजनाको क्षमता १२ सय मेगावाटबाट घटाएर आठ सय मात्र बनाउने प्रस्ताव गरेको थियो। सरकारले पटक–पटक चिनियाँ कम्पनीसित संवाद गर्दै आए पनि चिनियाँ कम्पनी इच्छुक देखिएन। असहमत भएपछि वार्ता अघि बढेन । अन्ततः सरकारले २०७८ चैत २४ मा आयोजना चिनियाँ कम्पनी सिजिजिसीलाई नदिने र स्वदेशी लगानीमैं निर्माण गर्ने निर्णय गरेको छ।

१२ सय मेगावाटको यस आयोजनाले ६३ वर्ग किलोमिटरसम्म जलाशयको क्षेत्रफल ओगटेको छ र त्यसको जलाधार क्षेत्र ५ हजार ५ वर्ग किलोमिटर छ जबकि बाँधको उचाइ २६३ मिटर र लम्बाइ ७ सय मिटर छ। यसबाट बर्सेनि ३८८३ गिगावाट विद्युत् उत्पादन हुनेछ। कुल लागत २ खर्ब ५९ करोड हुनेछ ।

नेपालले हालै ४५६ मेगावाटको तामाकोशी विद्युत् आयोजनाको निर्माण स्वदेशी लगानीबाटै गरेको कारण देशको उत्साह पनि बढेको छ। चीनभन्दा बढी चिनियाँमुखी बन्ने नेपालका केही दल र नेताहरूको क्रियाकलापले देशलाई ठूलो अहित गर्नेछ । विगत लामो समयपछि चिनियाँ कम्पनीले उक्त आयोजनाको ठेक्का हात पारेपनि चार वर्षमा एउटा सिन्कासम्म भाँच्न नसकेपछि बाध्य भएर सरकारले सम्झौता खोस्नुपरेको छ ।

# हुलाकी राजमार्ग: १७२ किलोमिटर कालोपत्र

जनकपुर, ८ वैशाख/रासस

नेपालकै पहिलो राजमार्ग हुलाकी राजमार्ग अन्तर्गत सप्तरीदेखि सर्लाहीसम्मको करिब ८० प्रतिशत सडक खण्डमा कालोपत्र सकिएको छ।

पूर्वमा सप्तरी सदरमुकाम राजविराजदेखि पश्चिम सर्लाहीको मलङ्वा खरैया टोलसम्मको २५८ किलोमिटर सडकमध्ये हालसम्म १७२ किलोमिटर सडकमा कालोपत्र सकिएको जनाएको छ।

हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामका अनुसार हुलाकी सडक अन्तर्गत सिराहादेखि सर्लाहीसम्मको करीब २३३ किलोमिटर सडकमध्ये हालसम्म १५३ किलोमिटर सडकमा कालोपत्र सकिएको छ । बाँकी ८० किलोमिटर सडकमा पनि तीव्ररूपमा काम भइरहेको जनाएको छ । जनकपुरधामस्थित कदम चोकदेखि कमला नदीसम्मको २६ किलोमिटर सडकमध्ये १८ किलोमिटर सडकमा कालोपत्र गरिएको र बाँकी आठ किलोमिटर पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले जानकारी दिए।



हुलाकी राजमार्ग अन्तर्गत वीरगंज–ठोरी सडकखण्डमा कालोपत्र हुँदै गरेको र कतै तयारी हुँदै गरेको दृश्य। तस्वीरः फाइल/प्रतीक


यस्तै, सप्तरी र सिराहाको सीमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## विदेशी मुद्राको घट्दो सञ्चिति : बिग्रँदो आर्थिक अवस्था

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउने कुरा बहुआयामिक विषय हो । यसका लागि कुनै एक निकायको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी हुनैपर्दछ ।**

विदेशी मुद्राको घट्दो सञ्चिति र बढ्दो व्यापार घाटाका कारण नेपाली अर्थतन्त्र अहिले बिग्रँदो अवस्थामा पुगेको छ । वैदेशिक व्यापारमा देखिएको बढ्दो असन्तुलन चिन्ताको विषय बनेको छ। निर्यातको तुलनामा आयातको परिमाण अत्यधिक बढ्दा व्यापार-घाटा चुलिंदो छ। व्यापार-घाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर,. थप कमजोर र जोखिमयुक्त बन्दै जान्छ। कच्चा पदार्थ, अर्धप्रशोधित वा पूर्ण प्रशोधित उत्पादित वस्तु, सेवा र बौद्धिक सम्पत्तिको एक स्थानबाट अर्को ठाउँ वा सोही ठाउँमा बिक्री गर्ने कार्य व्यापार हो। देशभित्रै वस्तु खरीद-बिक्री भएमा आन्तरिक व्यापार र एक देशको उत्पादित सामान अर्को देशमा लगेर बिक्री वितरण गरिएमा त्यसलाई अन्तर्राष्ट्रिय व्यापारको रूपमा चिनिन्छ । आर्थिक विकास र समृद्धिका दृष्टिकोणले यी दुवै व्यापार महत्त्वपूर्ण हुन्छन् । वैदेशिक व्यापारले देशको अर्थतन्त्र र व्यापारलाई विश्व अर्थतन्त्रसँग सञ्जालीकरण गर्ने कार्य गर्दछ। अहिले अन्तर्राष्ट्रिय व्यापार र वाणिज्य क्षेत्रको विकास तथा विस्तारको अभावमा हाम्रो दैनिक क्रियाकलाप नै ठप्प हुने अवस्थामा रहेको देखिन्छ।

आन्तरिक व्यापारले देशको आर्थिक क्रियाकलापमा सघनता ल्याउँछ भने अन्तर्राष्ट्रिय व्यापार विदेशी मुद्रा आर्जन गरी समृद्धि हासिल गर्ने महत्त्वपूर्ण औजारका रूपमा कार्य गर्दछ। शुरूमा वस्तुलाई मात्र व्यापारको रूपमा हेरिन्थ्यो भने आधुनिक अवधारणामा सेवा व्यापारलाई समेत व्यापारको रूपमा समावेश गर्ने गरिन्छ । आर्थिक वर्ष २०७८-०७९ को पहिलो आठ महीनामा आयात ३८.६ प्रतिशत र निर्यात ८२.९ प्रतिशतले बढेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्षको पहिलो आठ महीनाको वित्तीय स्थितिसम्बन्धी समीक्षा प्रतिवेदनमा नेपालको कुल वस्तु निर्यात ८२.९ प्रतिशतले वृद्धि भई रु एक खर्ब ४७ अर्ब ७५ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ७.८ प्रतिशतले वृद्धि भएको थियो।

यसैगरी चालू आर्थिक वर्षको पहिलो आठ महीनामा वस्तु आयात ३८.६ प्रतिशतले बढेर रु १३ खर्ब ८ अर्ब ७३ करोड बराबरको वस्तु आयात भएको छ। सोही अवधिमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २८.१, ३७.७ र ७५.४ प्रतिशतले वृद्धि भएको राष्ट्र बैंकले जनाएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, कच्चा सोयाबिन तेल, सुनलगायत वस्तुको आयात बढेको छ भने एमएस बिलेट, सिमेन्ट, रासायनिक मल, दाल, मोलासिस स्गरलगायत वस्तुको आयात घटेको राष्ट्र बैंकले जनाएको छ। यस्तै गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः १०४.२ प्रतिशत र २९.१ प्रतिशतले बढेको छ । चीनतर्फको निर्यात भने ११ प्रतिशतले घटेको जनाइएको छ । राष्ट्र बैंकका अनुसार पाम तेल, सोयाबिन तेल, पिना, धागो (पोलिस्टर तथा अन्य), उनी गलैंचालगायत वस्तुको निर्यात बढेको छ। अलैंची, चिया, जडीबुटी, तार, तामाको तारलगायत वस्तुको निर्यात भने घटेको छ। चालू आवको पहिलो आठ महीनामा कुल वस्तु व्यापारघाटा ३४.५ प्रतिशतले वृद्धि भई रु ११ खर्ब ६० अर्ब ९९ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ।

**उच्च शोधनान्तर घाटा**

यसैगरी चालू आर्थिक वर्षको पहिलो आठ महीनामा देशबाट बाहिरिने र भित्रिने रकमको अन्तर (शोधनान्तर) घाटा रु २ खर्ब ५८ अर्ब ६४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ६८ अर्ब १ करोड बचतमा थियो।

**घट्दो विदेशी मुद्रा सञ्चिति**

केही महीना अघिसम्म नेपालको मुद्रा सञ्चिति करीब १० महीनाको आयात धान्न सक्ने अवस्थामा थियो। तर अहिले यो घटेर करीब ६ महीनाको आयातमात्र धान्न सक्ने अवस्थामा पुगेको छ। मुद्रा सञ्चिति किन घट्यो भन्ने अहिलेको महत्त्वपूर्ण प्रश्न हो । मुद्रा सञ्चिति घट्नुमा विशेषगरी दुईवटा प्रमुख कारण सतहमा आएको छ। पहिलो, विप्रेषण घट्नु र दोस्रो, व्यापार घाटा बढ्नु। विश्व बैंकले सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार कोभिड-१९ को समयमा विप्रेषण बढ्नुका विभिन्न सम्भावित कारणमध्ये एक उक्त समय विप्रेषण पठाउनेहरूले आफ्ना परिवारका सदस्यहरूको सुरक्षाको निम्ति बचत गरेको वा पेश्की लिएर भए पनि बढी पैसा पठाएकोले हो । जब कोभिड-१९ को लहरमा केही कमी भयो तब मानिसले पहिले लिएको पेश्की वा ऋण तिर्न थालेकाले विप्रेषणको मात्रा घट्यो।

विप्रेषण घट्नुको अर्को महत्त्वपूर्ण कारण राष्ट्र बैंकको अव्यावहारिक नीति पनि हो। यसले विदेशी मुद्राको सञ्चिति घटाउन सहयोग गरेको छ। उदाहरणका लागि कुनै पनि नेपालीले विदेशमा काम गरेको छ र उसले आफ्नो तलब नेपालको बैंकमा जम्मा गरेको छ भने उसलाई राष्ट्र बैंकले वार्षिक १५ हजार डलरभन्दा बढी खर्च गर्न दिंदोरहेन छ। जबकि यो रकमले बाहिर खान-बस्नै पुग्दैन। यस्तो अवस्थामा उक्त मानिसले नेपालमा पैसा नै जम्मा गर्दैन । यस्ता अव्यावहारिक नीतिले गर्दा पनि विदेशी मुद्राको सञ्चिति बढ्न नसकेको अनुमान छ।

घट्दो विदेशी मुद्राको सञ्चितिबाट अहिले नै हताश हुनुपर्ने अवस्था देखिएको छैन । उदाहरणका लागि भारतमा सन् १९९१ मा पी.भी. नरसिंह राव प्रधानमन्त्री र मनमोहन सिंह अर्थमन्त्री भएको बेला भारतसँग जम्मा दुई हप्ताको आयात धान्ने विदेशी मुद्रा सञ्चिति थियो । मनमोहन सिंह अर्थमन्त्री भएपछि गरिएको सुधारको कामले भारतलाई पुनः पुरानै लयमा फर्काएको थियो। तर हामीसँग अहिले पनि करीब ६ महीनाको आयात धान्ने सञ्चिति छ। त्यसमा पनि विप्रेषणको मात्रा बढ्न थालेको छ। त्यसैले अहिले देखिएको समस्याबाट हताश बन्नुपर्ने अवस्था देखिन्न । एकातर्फ श्रीलङ्काको अवस्था खराब हुनु र अर्कोतर्फ नेपालको पनि विदेशी मुद्राको सञ्चिति घट्नु र सामाजिक सञ्जालमा यसबारे व्यापक मात्रामा निराशाजनक कुरा आउनुले पनि आर्थिक अवस्था अत्यन्त कमजोर रहेको छ भन्न मिल्दैन। तर यसको अर्थ नेपालको अर्थतन्त्र स्वस्थ छ भन्न पनि सकिंदैन । त्यसैले अब सरकारले निर्यात बढाउनेतर्फ आफ्ना सम्पूर्ण प्रयास केन्द्रित गर्नुपर्छ। यसका लागि सरकार पारदर्शी र जवाफदेह हुनु जरूरी छ।

व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउनका लागि नेपालले उद्योगीकरणलाई सहयोग गर्ने गरी निर्यातमुखी उद्योगलाई आयकरमा छुट र सहुलियतलगायत दिएर प्रोत्साहन दिनुपर्छ। यसका साथै देशैभरि गुणस्तरीय शिक्षा र सीपमूलक कार्यक्रममा सहज पहुँच हुनेगरी नीति-नियम बनाएर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। नेपालको व्यापार नीति सबल र समयसापेक्ष नहुनुमा एउटा मुख्य कारण हो-भ्रष्टाचार नियन्त्रणमा सरकारको उदासीनता । व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउने कुरा बहुआयामिक विषय हो । यसका लागि कुनै एक निकायको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी हुनैपर्दछ। सबैको साझा प्रयास र मेहनत भयो भने मात्र हाल देखिरहेको व्यापार घाटा र घट्दो विदेशी मुद्रा सञ्चितिको अवस्था कम गरी आर्थिक विकास र समृद्धिको राष्ट्रिय सङ्कल्पलाई पूरा गर्न सकिन्छ।

## विद्युत् आपूर्ति असहज बन्दै गएकोमा वीउवासङ्घद्वारा ध्यानाकर्षण

प्रस, वीरगंज, ८ वैशाख/

वीरगंज उद्योग वाणिज्य सङ्घले विज्ञप्ति जारी गर्दै नेपाल विद्युत् प्राधिकरणद्वारा ६६ केभिएको औद्योगिक प्रसारण लाइनमा जोडिएका उद्योगहरूमा दैनिक १२ घण्टा लोडसेडिङ र छपटक ट्रिपिङ भइरहेको तथा ६६ केभिएबाहिरका लाइनहरूमा समेत ८-१० घण्टा लोडसेडिङ र ट्रिपिङ भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ।

विज्ञप्तिमा भनिएको छ- एउटा कालखण्डमा विद्युत् आपूर्तिको चरम अभाव र १८ घण्टासम्मको लोडसेडिङ खेपेको यस क्षेत्रका उद्योग-प्रतिष्ठानहरू पछिल्ला केही वर्षदेखि विद्युत्को सहज र निर्वाध उपलब्धताका कारण उद्योग-प्रतिष्ठानहरू पूरा क्षमतामा सञ्चालन भइरहेका थिए भने पर्याप्त विद्युत् उपलब्धताबाट आम जनताको दैनिकीसमेत सहज हुँदै गइरहेको थियो। तर हाल केही दिनदेखि पुनः विगतको समयलाई स्मरण गराउने गरी भइरहेको लोडसेडिङ र बढ्दो ट्रिपिङले उद्योग-प्रतिष्ठानहरू क्षमताको २५-३० प्रतिशत मात्र सञ्चालन गर्न सकिरहेका छन् । विद्युत् असहजताका कारण उद्योग प्रतिष्ठानको कच्चा पदार्थ नोक्सान हुनुका साथै उत्पादनको गुणस्तरमा ह्राससमेत भइरहेको विज्ञप्तिमा उल्लेख छ।



तस्वीरः फाइल

कोभिड-१९ को भयावहताबाट लयमा फर्किएर उद्योग-प्रतिष्ठान सञ्चालन गरेर कोरोनाकालमा जागीर गुमाएकाहरूलाई पुनः रोजगारमा जोड्दै राष्ट्रिय राजस्वमा समेत योगदान पुऱ्याइरहेको नेपालकै ठूलो औद्योगिक कोरिडोर वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा अवस्थित उद्योग प्रतिष्ठानहरूको उत्पादन लागत बढ्नुका साथै गुणस्तरीय उत्पादनसमेत हुन नसकेको बाध्यकारी अवस्थाबाट शीघ्र मुक्त गरी पूर्ववत् अवस्थामा निर्वाध विद्युत् पाइरहेका उद्योगहरूलाई सोअनुरूप नै गुणस्तरीय विद्युत् उपलब्ध गराउन सङ्घले नेपाल विद्युत् प्राधिकरणको ध्यानाकर्षण गराएको छ।

## सुनको मूल्य प्रतितोला रु ३०० ले बढ्यो

काठमाडौं, ८ वैशाख/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु ३०० ले बढेर रु एक लाख ९०० पुगेको छ। पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु एक लाख ६०० मा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख ४०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु एक लाख एक १०० थियो । त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार ३८० मा आएको महासङ्घले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ९५२ डलर आसपासमा कारोबार भइरहेको छ।



## विद्युतीय स्कूटर निर्माणमा नास्टको सफलता, एकपटक चार्ज गर्दा ५० किलोमिटरको यात्रा

काठमाडौं, ८ वैशाख/रासस

पेट्रोलियम पदार्थ प्रयोग हुने सवारी साधनको विकल्प खोज्नुपर्ने विचार लामो समयदेखि देशभित्र उठ्दै आए पनि वास्तविकतामा परिणत हुन सकेको थिएन।



प्रतीकात्मक तस्वीरः सौजन्य

नीति, नियम र कार्यक्रम बन्ने तर कार्यान्वयन नहुने अवस्था नेपालका लागि नयाँ नभएर चर्चामा मात्रै सीमित हुँदै आए पनि विद्युतीय सवारीसाधनको उत्पादन र त्यसलाई प्रयोगमा ल्याउने उद्देश्यका साथ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले लुम्बिनी प्रदेश सरकारको सहयोगमा विद्युतीय स्कूटर निर्माण गरेर देखाएको छ। नास्टले नमूनाका रूपमा तयार पारेको सो स्कूटर नेपालको बाटो र माटो सुहाउँदो रहेको जिकीर गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले नास्ट परिसरमा आयोजित समारोहमा उक्त विद्युतीय स्कूटरको शुभारम्भ गरिन् । नेपाल आयल निगमले निर्धारण गरेको मूल्य अनुसार हाल एक लिटर पेट्रोलको मूल्य रु १६० पर्छ । अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्य उकालो लागिरहेको छ।

खासगरी रूस र युक्रेनबीच लडाइँका कारण लगातार इन्धनको मूल्यवृद्धि भइरहेको छ। यस्तो अवस्थामा राज्यको ठूलो धनराशि पेट्रोलियम पदार्थ खरीदमा खर्च भइरहेको छ। त्यसलाई रोक्न पनि विद्युतीय सवारी साधनको प्रयोगमा बढावा दिनुपर्ने कुरामा उनको जोड थियो।

विद्युतीय सवारीसाधन उत्पादनका लागि अन्तर्राष्ट्रियरूपमा उपलब्ध प्रविधि नेपालमा ल्याउने कि नेपालमैं नयाँ खोज गर्ने भन्नेबारे नास्टजस्ता संस्थाले अध्ययन गरेर सरकारलाई उपयुक्त सुझाव दिन मन्त्री भुसालले आग्रह गरिन्।

विद्युत् खपत वा भण्डारण गर्न सकिने वा नसकिने भन्नेबारे पनि उपयुक्त खोज गर्न आग्रह गर्दै उनले भनिन्- "विद्युतीय सवारीसाधन नेपालमा नै 'मेड इन' गर्ने कि 'मेक इन' गर्ने भन्नेबारे पनि नास्टले उपयुक्त सुझाव दिनुपर्छ।"

अन्तर्राष्ट्रिय क्षेत्रमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिले विद्युतीय सवारीसाधन प्रयोग गर्न प्रोत्साहन दिन सकारात्मक वातावरण बनाउने विश्वास व्यक्त गर्दै मन्त्री भुसालले यहाँ प्रयोग गरेर बढी भएको बिजुली भारत तथा बङ्गलादेशमा पनि निर्यात गर्न सकिने र त्यसका लागि वातावरण बनेको बताइन्।

शहर तथा शहरोन्मुख क्षेत्रमा आफ्नै सवारीसाधन चलाउनेको सङ्ख्या पनि बर्सेनि बढ्दै गएको छ। हरेक १५ दिनमा इन्डियन आयल कर्पोरेशनले पठाउने मूल्यसूची र त्यसैका आधारमा निगमले निर्धारण गर्ने मूल्यका आधारमा आफ्ना सवारीसाधन चलाउने हरेक नागरिकले थप खर्चको जोहो गर्नुपर्ने वातावरण बनेको छ।

कोरोनाका कारण आर्थिक उपार्जनका क्षेत्र क्रमशः कमजोर बन्दै गएको तर इन्धनको मूल्यवृद्धि लगातार भइरहँदा त्यसले हरेक घरका लागि आर्थिक सङ्कट निम्त्याउँदै आएको छ। पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनको विकल्प खोज्न नागरिक बाध्य हुँदै गएका छन्। त्यसो त सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिंदै आएकोले नागरिकले पनि यसप्रति चासो देखाउन थालेको तर उपयुक्त स्थानमा चार्जिङ स्टेशन नहुनु र पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनजस्तै यो सहज उपलब्ध नहुनाले पनि बाधा उत्पन्न गरिरहेको छ।

हरेक सामान बिक्री गर्ने बजारमात्रै नेपाल भइरहेको सन्दर्भमा सरकारी तहबाटै विद्युतीय स्कूटरबारे अध्ययन गरेर नास्टले तार्किक निष्कर्षमा पुऱ्याएको उपकुलपति डा सुनीलबाबू श्रेष्ठले बताए। नेपालका अधिकांश प्रतिष्ठानले प्रभावकारी काम गर्न नसकेको तथा खोज-अनुसन्धानमा नलागेको भन्ने गुनासोबीच विद्युतीय स्कूटर निर्माण गरेर नयाँ सन्देश दिएको चर्चा गर्दै उनले व्यावसायिकरूपमा विद्युतीय स्कूटरको कारखाना स्थापना गरेर उत्पादन गर्न चाहनेलाई मार्ग प्रशस्त गरिएको जानकारी दिए । अन्तर्राष्ट्रिय बजारमा एकपटक चार्ज गर्दा एक हजार किलोमिटर गुड्ने विद्युतीय सवारीसाधन उपलब्ध भइसकेको छ। विद्युतीय सवारी साधन निर्माणमा चीन र भारत दुवै देशले ठूलो प्रगति गरिसकेका छन् । नेपालका सडकमा पनि विभिन्न नमूनाका विद्युतीय सवारी साधन गुड्न थालिसकेका छन्।

प्रतिष्ठानका प्रविधि सङ्काय प्रमुख एवं विद्युतीय स्कूटर निर्माण कार्यक्रमका प्रमुख डा रवीन्द्र ढकालका अनुसार नेपाली भूगोललाई सुहाउँदो मोडलको स्कूटर विकास गरिएको र व्यावसायिक उत्पादनका लागि समेत यो स्कूटर योग्य छ। प्रतिष्ठानले हालै यसको प्रोटोटाइप (नमूना) निर्माण गरेको हो । यस्तै प्रतिष्ठानले नेपालमा नै कारखाना स्थापना गरेर काम गर्दा के-कस्तो प्राविधिक तथा आर्थिक तयारी गर्नुपर्छ भन्नेबारे समेत सम्भाव्यता अध्ययन गरिरहेको छ।

प्रतिष्ठानको परिसरमा नै विद्युतीय स्कूटरको प्रयोगशाला निर्माण गरिएको छ। हाल बनाइएको स्कूटरको नाम 'सारथी' राख्ने तयारी भइरहेको उनले जानकारी दिए । नेपालमैं उत्पादनका लागि सहयोग पुऱ्याउने उद्देश्यका साथ जनशक्तिसमेत तयार गरिएको छ । प्रतिष्ठानले आवश्यक अध्ययनसहित सात महीनामा परिणाम निकालेको हो। एउटा

(बाँकी चौथो पातामा)

# नेपाल विदेशमा रहेका आफ्ना जनतासँग सहयोग लिन किन बाध्य ?

**कोरोना महामारीले श्रीलङ्काजस्तै नेपालमा पनि नराम्रो प्रभाव पारेको छ किनभने यसले यहाँको पर्यटन उद्योग ध्वस्त पारेको छ, जसका कारण विदेशी मुद्रा सञ्चिति घटेको छ र व्यापारघाटा पनि उल्लेख्य मात्रामा बढेको छ।**

दक्षिण एशियामा श्रीलङ्काको अर्थतन्त्र निकै कठिन अवस्थाबाट गुज्रिरहेको छ। यसै क्रममा अर्को दक्षिण एशियाली र भारतको एकदमै नजीकको देशको नाम पनि जोडिएको देखिन्छ।

पछिल्लो समय नेपालको अर्थतन्त्रमा उल्लेख्य गिरावट आएको र श्रीलङ्का जस्तै नेपालमा पनि विदेशी मुद्रा सञ्चिति यसका लागि जिम्मेवार मानिएको छ।



तस्वीरः प्रतीक

विदेशी मुद्राको अभावलाई सम्बोधन गर्न देशका अर्थमन्त्रीले विदेशमा रहेका नेपालीलाई देशको बैंक खातामा विदेशी मुद्रा जम्मा गर्न अपील गरेका छन्।

रूस र युक्रेनबीचको युद्धपछि तीव्र गतिमा बढेको तेलको मूल्य र खाद्यान्नको आकाशिएको मूल्यले नेपालको अर्थतन्त्रमा नराम्रो असर पारेको छ।

कोरोना महामारीले श्रीलङ्काजस्तै नेपालमा पनि नराम्रो प्रभाव पारेको छ किनभने यसले यहाँको पर्यटन उद्योग ध्वस्त पारेको छ, जसका कारण विदेशी मुद्रा सञ्चिति घटेको छ र व्यापारघाटा पनि उल्लेख्य मात्रामा बढेको छ।

यो समस्यासँग जुध्न नेपालले धेरै सावधानी अपनाउन थालेको छ। अप्रिल १२ मा नेपालले कार, सौन्दर्य प्रसाधन, सुन जस्ता अत्यावश्यक वस्तुको आयात सीमित गरेको थियो।

यससँगै देशको केन्द्रीय बैंकका गभर्नरलाई उनको पदबाट हटाइयो। नेपालका अर्थमन्त्रीले यस मुद्दालाई श्रीलङ्काको सङ्कटसँग तुलना गरिंदै आएकोमा आफू आश्चर्यमा परेको बताएका छन्।

**विदेशमा रहेका नेपालीले कसरी सहयोग गर्न सक्छन् ?**

नेपालको कुल गार्हस्थ उत्पादनको एक चौथाइ विदेशमा बस्ने नेपालीहरूबाट आउँछ। यो पनि मध्य जुलाईदेखि मध्य फरवरीसम्म पाँच दशमलव आठ प्रतिशतबाट चार दशमलव ५३ प्रतिशतसम्मको गिरावट दर्ज गरिएको छ।

नेपालको अर्थतन्त्र विश्वको यस्तो पाँचौं ठूलो अर्थतन्त्र हो, जुन विदेशबाट पैसा पठाउने नागरिकमा निर्भर छ। विश्वभर करीब ३० देखि ४० लाख नेपाली बसोबास गर्छन्।

यसैबीच, विदेशमा रहेका नेपालीले विदेशी मुद्रा नेपालमा पठाएर अर्थतन्त्रको समस्या समाधान गर्न मदत पुग्ने विज्ञहरूको विश्वास छ।

नेपालको अर्थतन्त्र खस्किनुको प्रमुख कारण विदेशी मुद्रा सञ्चितिमा आएको कमी रहेको विज्ञहरूको भनाइ छ।

रायटर्स समाचार एजेन्सीका अनुसार नेपालका अर्थमन्त्री जनार्दन शर्माले वित्तीय प्रणालीमा तरलता कायम राख्न र विदेशी मुद्रा सञ्चितिलाई सुरक्षित राख्न विदेशमा बस्ने नेपालीलाई नेपालको स्वदेशी बैंकमा रकम जम्मा गर्न आग्रह गरेका छन्।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले लगानीयोग्य पूँजी नहुँदा मुलुकको अर्थतन्त्र थप दबाबमा पर्ने अनुमान गरेका छन्।

उनले भने, "विदेशी मुद्राको अभावले देशको अर्थतन्त्रमा थप असर पर्न सक्छ, विदेशमा रहेका नेपालीले आफ्नो खातामा पैसा जम्मा गरेमा यस्तो समयमा विदेशी मुद्रा सञ्चितिमा पर्ने दबाब कम हुन सक्छ।

**कसरी पैसा पठाउन सकिन्छ ?**

विदेशमा काम गर्ने नेपालीले नेपाली खातामा डलर पठाएर विदेशी मुद्राको चाप बढाउन सक्ने थापा बताउँछन्।

हाल विदेशमा रहेका नेपालीले पठाउने रकममा १२.०३ प्रतिशत ब्याज पाउँछन्। नेपालमा निक्षेपको ब्याजदर ११.०३ प्रतिशत छ। अब कसैले विदेशी मुद्रा पठाएमा उसलाई पाँच प्रतिशतसम्म थप ब्याज दिन सकिनेछ।

यसरी जम्मा हुने रकमले मुलुकमा रहेको विदेशी मुद्राको अभाव पूरा हुने र निक्षेपकर्तालाई पनि फाइदा हुने थापाले बताए।

नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी भन्छन्, "विदेशमा यही रकम जम्मा गर्दा एक वा आधा प्रतिशतसम्मको ब्याजदरमा सीमित हुन्छ, जापानजस्तो देशमा भने ब्याजदर ऋणात्मक छ, नेपालमा राख्नुभयो भने तपाईंले आकर्षक ब्याजदर पाउनुहुन्छ।"

"त्यसैले नेपालमा पैसा राख्दा आम्दानी बढ्छ र तरलताको अभावलाई कम गर्न मदत पुग्छ।"

दुवै पूर्वअधिकारी नेपाल पैसा पठाउन औपचारिक माध्यम प्रयोग गर्नुपर्नेमा सहमत छन्।

**विदेशमा बस्ने नेपालीले अरू के गर्न सक्छन् ?**

लामो समयदेखि विदेशमा बसोबास गर्दै आएका नेपालीले पनि स्वदेश भ्रमण गरी विदेशी मुद्राको सञ्चिति बढाउनमा मदत गर्न छन्।

खर्चका लागि उनीहरूले ल्याएको विदेशी मुद्राले सहयोग गर्ने थापाको भनाइ छ।

उनले भने, "यसैगरी, विदेशमा पनि नेपालको प्रवर्द्धन गर्न सकिन्छ। यस्तो प्रवर्द्धनले नेपालमा पर्यटन र लगानीलाई प्रोत्साहन गर्न सक्छ। नेपालमा तत्काल सङ्कट नआए पनि दबाबको समयमा सहयोग गर्न सक्छ।"

विश्व आर्थिक मन्दीबाट नेपाल अछूतो रहनु स्वाभाविक नभएको विज्ञहरू बताउँछन्।

विश्वभर मूल्यवृद्धि हुँदा नेपालजस्ता आयातमुखी मुलुक बढी दबाबमा रहेको शिवकोटी बताउँछन्।

**नेपालमा समस्या कसरी शुरू भयो**

भारत र चीनबीचको भूपरिवेष्टित देश नेपालमा दुई करोड ९० लाख जनसङ्ख्या रहेको छ, जुन इन्धनलगायत आफ्ना धेरै आवश्यकताका लागि आयातमा निर्भर छ।

रूसले युक्रेनमा आक्रमण गरेपछि विश्वभर कच्चा तेलको भाउ बढेपछि नेपालको सरकारी तेल कम्पनी नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाउन थालेको हो।

अर्कोतर्फ भटमास, पाम तेललगायत खाद्यवस्तुको मूल्य ह्वात्तै बढेको छ। यसले देशको वार्षिक उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिलाई मार्चको मध्यमा ७.१ प्रतिशतमा पुऱ्यायो, जुन विगत तीन वर्षमा औसत ५.१८ प्रतिशत थियो।

बढ्दो मूल्य र बढ्दो आयात बिलले व्यापारघाटालाई असर गरेको छ, जसले देशको विदेशी मुद्रा सञ्चितिमा पनि असर गरेको छ।

नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकका अनुसार मध्य फरवरीसम्मको सात महीनामा विदेशी विनिमय सञ्चिति १६ प्रतिशतले घटेर ९ अर्ब ५९ करोड डलर पुगेको छ।

यसले नेपालमा वैदेशिक ऋण तिर्न समस्या पर्न सक्ने आशङ्का पनि बढाएको छ।

नेपालसँग बाँकी रहेको विदेशी मुद्राबाट छ महीनासम्म मात्रै आयात गर्न सकिने अनुमान छ। स्रोतः बिबिसी न्यूज






आयातित इन्धनलगायत विभिन्न वस्तु वीरगंज आइसिपीबाट नेपाल प्रवेश गरिंदै। तस्वीरः प्रतीक

## निर्वाचन हुन्छ कि हुन्न भन्ने दोधारमा नरहनुस् -अध्यक्ष दाहाल

गोदावरी, ८ वैशाख/रासस

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले तोकिएकै समयमा स्थानीय तहको निर्वाचन हुने बताएका छन्।


तस्वीरः फाइल

प्रेस सेन्टर कैलालीले धनगढी विमानस्थलमा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले निर्वाचनलाई अभियानका रूपमा लिई लोकतन्त्रलाई सुदृढ गर्ने अवसरको जनताले राम्ररी सदुपयोग गर्नुपर्ने बताए। कतिपय व्यक्तिले गठबन्धनले निर्वाचन सार्छ भन्ने हल्ला चलाएको प्रसङ्ग उल्लेख गर्दै उनले भने– "हिजो मात्रै देशभरिका सबै महानगरपालिका र उपमहानगरपालिकामा सहमतिको टुङ्गो लागिसकेको छ।"

निर्वाचन हुन्छ कि हुन्न भन्ने दोधारमा नरहन उनले सबैलाई आग्रह गरे। "अब केही दोधार छैन होला ? वैशाख ३० गते नै स्थानीय तहको निर्वाचन हुन्छ"–अध्यक्ष दाहालले भने। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउने र व्यापक जनसहभागिता सुनिश्चित गर्ने उल्लेख गर्दै उनले लोकतन्त्रको अभ्यासलाई नयाँ स्तरमा उठाउने आवश्यकता रहेको बताए।

## मधेस प्रदेशमा सङ्क्रमितको सङ्ख्या एक अङ्कमा झऱ्यो

जनकपुर, ८ वैशाख/रासस

मधेस प्रदेशमा कोभिड–१९ को सक्रिय सङ्क्रमितको सङ्ख्या एक अङ्कमा झरेको छ। केही दिनदेखि निरन्तर घट्दै गएको कोभिड–१९ सक्रिय सङ्क्रमितको सङ्ख्या मधेस प्रदेशमा चार मात्र छ। चारैजना होमआइसोलेशनमा रहेको मधेस प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुरधामले जनाएको छ।

प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार कोरोना महामारी शुरू भएयता मधेस प्रदेशमा कोरोना सङ्क्रमणबाट हालसम्म ४१ हजार ४१७ सङ्क्रमित भएकामा ४० हजार ३५१ जना उपचारपश्चात् निको भएर घर फर्केका छन्। सङ्क्रमणकै कारण हालसम्म बारामा १८१, सप्तरीमा १६१, सिरहामा १३५, धनुषामा १३२, पर्सामा १३२, रौतहटमा १२९, सर्लाहीमा ९३ र महोत्तरीमा ९१ गरी एक हजार ६२ जनाको मृत्यु भइसकेको मधेस प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

यस्तै मधेस प्रदेशमा करीब ७३ प्रतिशतले कोभिड–१९ विरुद्ध पूर्ण मात्रा खोप लगाएका छन्। सार्वजनिक सेवाका लागि खोप कार्ड अनिवार्य गरेको र खोपसम्बन्धी निरन्तरको प्रचार–प्रसार तथा स्थानीय जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको सक्रियताका कारण कोभिड–१९ विरुद्ध खोप लगाउने दर बढेको मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले जानकारी दिए।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

## विद्युतीय स्कूटर निर्माणमा....

स्कूटर बनाउन प्रतिष्ठानले रु तीन लाखभन्दा बढी खर्च गरेको छ। ठूलो मात्रामा उत्पादन गर्ने अवस्था आउँदा नेपालभित्रै न्यूनतम रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्ममा विद्युतीय स्कूटर उत्पादन गर्न सकिन्छ।

नेपाल बजारमात्रै होइन, उत्पादनको थलो पनि बन्नुपर्छ भन्ने सोच राखेर यसमा अध्ययन गरेको उल्लेख गर्दै प्रमुख डा ढकालले विद्युतीय स्कूटर नेपालमैं बनाउन सकिने कुरामा आफू आशावादी रहेको बताए। प्रतिष्ठानले उनकै संयोजकत्वमा प्लास्टिकबाट पेट्रोल उत्पादन गर्ने अध्ययन पनि गरेको थियो।

भारतको अघोषित नाकाबन्दीको समयमा गरिएको सो अध्ययन अवस्था सामान्य भएपछि त्यत्तिकै हराएर गए पनि त्यो प्रविधिलाई थप विकास र विस्तार गर्न सकिने जानकारहरूको भनाइ थियो। स्कूटर निर्माणमा टिम लिडरका रूपमा प्रह्लाद गुप्ताले विशेष भूमिका निर्वाह गरेका छन्।

प्रतिष्ठानले हाल तयार पारेको स्कूटरमा दुई किलोवाट क्षमताको लिथियम आयन ब्याट्री राखिएको छ। ब्याट्रीको क्षमता बढाउन सकिन्छ। हाल तयार भएको स्कूटर एकपटक चार्ज गर्दा ५० किलोमिटरसम्म गुड्न सक्छ। प्रमुख डा ढकालका अनुसार ब्याट्री र मोटरको क्षमता बढाउँदै जाँदा थप किलोमिटर गुड्ने बनाउन सकिन्छ।

विशेषगरी अधिकांश विद्युतीय सवारी साधनमा प्रयोग हुने ब्याट्रीकै समस्या देखिने गरेकोले नेपालमैं लिड सेल ब्याट्रीको अनुसन्धान भइरहेको छ। प्रतिष्ठानले त्यसमा प्राविधिक तथा प्राज्ञिक सहयोग गरिरहेको छ।

विद्युतीय सवारी साधनको प्रयोगलाई बढावा दिन जताततै चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने आवश्यकता छ। नेपाल विद्युत् प्राधिकरणले देशभर पहिलो चरणमा ५० चार्जिङ स्टेशन निर्माण गरिरहेको छ।

यस्तै निजी क्षेत्रबाट हुन्डाईले ४० वटा चार्जिङ स्टेशन निर्माण गर्दैछ। पछिल्लोपटक सरकारले पेट्रोलियम पदार्थ प्रयोग हुने सवारी साधनलाई विद्युतीय बनाउनका लागि कानूनी प्रबन्धसमेत गरिदिएको छ। यो काम गर्न पनि ढिलो भएको केहीको बुझाइ थियो।

प्राधिकरणले विद्युतीय सवारी साधन चार्जिङका लागि विद्युत् महसूल कम गरेको छ।

रातिको समय चार्ज गर्दा झनै सस्तो पर्न जान्छ। यद्यपि सबै स्थानमा चार्जिङ स्टेशन निर्माण हुन सकेको छैन। स्कूटर वा मोटरसाइकल भने घरमैं पनि चार्ज गर्न सकिन्छ।

काठमाडौं उपत्यकामा निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेको छ। यसलाई थप विस्तार गर्नुपर्ने आवश्यकता छ। प्राधिकरणले बिजुलीको आन्तरिक खपत बढाउन विभिन्न योजना अगाडि सारे पनि केही कानूनी जटिलताका कारण सोचेजति प्रगति हुन सकेको छैन।

सरकार र उद्योगीले देशभित्रै विद्युतीय सवारी साधन निर्माण र प्रयोगका सन्दर्भमा साझा दृष्टिकोण बनाउनुपर्छ। नयाँ कामका लागि केही न केही जोखिम लिनैपर्ने प्रतिष्ठानका वरिष्ठ वैज्ञानिकसमेत ढकालको भनाइ थियो।

प्रतिष्ठानले मोबाइल एपबाटै मोटरसाइकल स्टार्ट गर्ने प्रविधिसमेत विकास गरेको छ। देशभित्रै विद्युतीय सवारी साधन निर्माण हुन सक्छ भन्ने आत्मविश्वास जगाउन पनि नास्टले यस खालको भूमिका निर्वाह गरेको हो।

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतका प्रधानमन्त्री भारतमा

अहमदाबाद, ८ वैशाख/एएफपी

बेलायतका प्रधानमन्त्री बोरिस जोनसन भारत आइपुगेका छन्। उनी बिहीवार गुजरात आइपुगेको भारतीय राजधानी नयाँ दिल्लीबाट प्राप्त समाचारमा जनाइएको छ। गुजरात भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गृह जिल्ला हो। उनी बिहीवार बिहान गुजरात आएको र उनले यहाँ राजनीतिक तथा अन्य भेटघाट गर्ने जनाइएको छ।



भारत, गुजरातस्थित साबरमती आश्रममा चरखा चलाउँदै बेलायतका प्रधानमन्त्री बोरिस जोनसन। तस्वीरः एजेन्सी

गुजरातबाट प्राप्त समाचारमा बेलायतका प्रधानमन्त्री जोनसनले आजै यहाँका व्यावसायिक प्रतिनिधिहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको जनाइएको छ। गुजरात भारतीय मूलका बेलायती नागरिकहरूमध्ये करीब आधाजति नागरिकहरूको जन्मस्थल हो। गुजरातमा उनले व्यापारिक समुदायका नेताहरूसँग भेटघाटका क्रममा भारत र बेलायतबीच लगानीका विषयमा कुराकानी गर्ने बताइएको छ।

उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय भेटवार्ताका लागि शुक्रवार राजधानी नयाँ दिल्ली प्रस्थान गर्ने जनाइएको छ। यस अघि प्रधानमन्त्री जोनसनले भारत भ्रमणको कार्यक्रम सार्वजनिक गरेको भए पनि कोरोना भाइरसको प्रकोपका कारण दुईपटकसम्म स्थगित भएको थियो। भारत र बेलायतमा नै कोरोना भाइरसको बढ्दो प्रकोपबाट ठूलो क्षति पुगेको थियो।

यसपटक पनि उनले भारतमा रहँदा प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ताका क्रममा खासगरी आर्थिक लगानी, व्यापारिक साझेदारी, प्रतिपक्ष र जनता जनताबीच सम्पर्क एवं हरित गृहलगायत विषयमा आवश्यक छलफल र द्विपक्षीय सम्झौता गर्ने कार्यक्रम रहेको छ।

यस भ्रमणका क्रममा उनीहरूबीच रूसले युक्रेनमाथि गरेको सैन्य हमलाबारे पनि कुराकानी हुने बताइएको छ। बेलायतले रूसले गरेको आक्रमणको विरोध गरिरहेको छ। प्रधानमन्त्री जोनसन हालैमात्र युक्रेनको राजधानी किभ पुगेका थिए। रासस

## दक्षिण कोरियामा २४ घण्टामा कोरोनाका ९० हजार ८६७ नयाँ सङ्क्रमित

सोल, ८ वैशाख/सिन्ह्वा

दक्षिण कोरियामा गत २४ घण्टा अर्थात् बुधवार मध्यरातसम्म ९० हजार ८६७ कोरोनाका नयाँ सङ्क्रमित देखिएको छ। यसैसँगै कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या १ करोड ६६ लाख ७४ हजार ४५ पुगेको स्वास्थ्य अधिकारीहरूले बिहीवार जानकारी दिएका छन्।

कोरिया रोग नियन्त्रण र रोकथाम निकायका अनुसार अघिल्लो दिन कोरोना सङ्क्रमितको सङ्ख्या एक लाख ११ हजार ३१९ रहेको थियो। गत २४ घण्टा अर्थात् बुधवार मध्यरातसम्म कोरोना सङ्क्रमणको कारण थप १४७ मृत्यु भएको जनाइएको छ। योसँगै कोरोना सङ्क्रमणका कारण दक्षिण कोरियामा कुल मृतकको सङ्ख्या २१ हजार ६६७ पुगेको छ। कोरोनाको कारण गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा ३८ जनाले बढेर ८४६ पुगेको समाचारमा जनाइएको छ। दक्षिण कोरियामा कोरोनाविरुद्ध खोपको दुई डोज प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या चार करोड ४५ लाख ३० हजार ४२५ रहेको छ। उक्त सङ्ख्या कुल जनसङ्ख्याको ८६.८ प्रतिशत भएको जनाइएको छ।

### जर्मनीका अर्थमन्त्रीमा कोभिड-१९ को सङ्क्रमण पुष्टि

वाशिंगटन/एएफपी

जर्मनीका अर्थमन्त्री क्रिस्चियन लिन्डनरलाई कोभिड-१९ पोजिटिभ देखिएको मन्त्रालयका एक अधिकारीले बुधवार जानकारी दिएका छन्। अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको बैठकका लागि अमेरिकी राजधानी वाशिंगटन पुगेका लिन्डनरलाई कोरोना पोजेटिभ देखिएको समाचारमा जनाइएको छ। लिन्डनरले कोरोना पोजेटिभ देखिनुअघि अर्थमन्त्रीहरू र केन्द्रीय बैंकका अध्यक्षहरूको जी २० बैठक र जी ७ बैठकमा भाग लिएको अधिकारीहरूले जानकारी दिएका छन्। जर्मनीले हाल जी ७ को अध्यक्षता गर्दै आएको छ। रासस

## फिलिपिन्समा उष्णकटिबन्धीय आँधीका कारण मृत्यु हुनेको सङ्ख्या २२४ पुग्यो

फिलिपिन्स, ८ वैशाख/एएनआई/स्पुतनिक

फिलिपिन्समा उष्णकटिबन्धीय आँधी अगाटोनका कारण मृत्यु हुनेको सङ्ख्या २२४ पुगेको राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् (एनडिआरआरएमसी) ले बिहीवार जनाएको छ।

प्राकृतिक प्रकोपबाट प्रभावित हुनेको सङ्ख्या २ करोड ८० लाख नाघेको छ। उष्णकटिबन्धीय आँधीमा १,७५,००० भन्दा बढीले आफ्नो घर छोडेका छन्। अझै पनि ७५ बस्ती विद्युतविहीन छन्।

अप्रिल ९-१२ मा फिलिपिन्समा आएको उष्णकटिबन्धीय आँधीले बाढी र झन्डै ९० वटा पहिरो निम्त्याएको छ। रासस



अगाटोनले जलमग्न दक्षिण फिलिपिन्सको एक विद्यालय। तस्वीरः रायटर्स


### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष: अलमल | वृष: रोगभय |
| मिथुन: नारीसुख | कर्कट: शत्रुभय |
| सिंह: खिन्नता | कन्या: भयचिन्ता |
| तुला: विजय | वृश्चिक: कान्तिक्षय |
| धनु: सुयश | मकर: खर्चवृद्धि |
| कुम्भ: धनलाभ | मीन: सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


# एसइईको सबै तयारी पूरा

भक्तपुर, ८ वैशाख/रासस

वैशाख ९ गते अर्थात् शुक्रवार बिहान ८ बजेदेखि देशभर एकैसाथ शुरू हुने यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ।




कोरोना महामारीका कारण शैक्षिकसत्र २०७६ र २०७७ मा विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनकै आधारमा परीक्षा बोर्डले एसइईको नतीजा सार्वजनिक गरेको थियो। यस वर्ष भने सामान्य स्वास्थ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमैं सञ्चालन गर्ने गरी तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए। परीक्षाका लागि ती केन्द्रहरूमा आवश्यक पर्ने प्रश्नपत्र, उत्तरपुस्तिकालगायतका आवश्यक सामग्री जिल्ला-जिल्ला पठाइसकेको उनले जानकारी दिए।

एसइईका परीक्षा नियन्त्रक अर्जुन रायमाझीले परीक्षाका लागि देशभर दुई हजार सात परीक्षा केन्द्र निर्धारण गरिएको जानकारी दिए। उनले परीक्षामा यस वर्ष ११ हजार ६१५ विद्यालयबाट नियमिततर्फ छात्र एक लाख ५७ हजार ९१४ र छात्रा दुई लाख ५७ हजार ५३ जना गरी कुल पाँच लाख १४ हजार ९६७ परीक्षार्थी परीक्षामा सहभागी हुने भएका छन्।

दुई वर्षदेखि रोकिएको ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थी र प्राविधिक धारतर्फका २९९ विद्यालयका १४ हजार ५६४ विद्यार्थी पनि एसइईमा सहभागी हुँदैछन्। परीक्षामा सबैभन्दा कम मनाङबाट ४३ जना विद्यार्थी सहभागी हुँदैछन्। एसइईमा नेपालीले जापानमा सञ्चालन गरेको एक विद्यालयका २० जना विद्यार्थी पनि सहभागी हुने भएका छन्।

बोर्डले परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउन प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा प्रदेश परीक्षा व्यवस्थापन समिति गठन गरेको छ। यस वर्षको एसइई परीक्षा सञ्चालनका लागि प्रदेश परीक्षा व्यवस्थापन समिति, परीक्षाको अनुगमनदेखि उत्तरपुस्तिका परीक्षण, संपरीक्षण र रुजूको कामसमेत गर्ने भएको अध्यक्ष शर्माले जानकारी दिए। परीक्षाका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिमार्फत जिल्ला परीक्षा समन्वय समितिलाई परिचालन गरेको छ। बोर्डले प्रदेशसँग समन्वय गर्ने र प्रदेश अनुसारका सबै जिल्लालाई प्रदेशले निर्देशन दिने तथा अनुगमन गर्ने गरी व्यवस्था गरिएको छ।



एसइई परीक्षाको तयारीबारे जिल्ला उच्चाङ्गल रामदेव कलवार नमुना प्राविधिक विद्यालयमा बसेको बैठकमा छलफल गर्दै पदाधिकारीहरू। तस्वीरः धर्मेन्द्र चौरसिया

प्रदेश परीक्षा व्यवस्थापन समितिले विद्यार्थीको प्राप्ताङ्क पठाएपछि अन्तिममा त्यसलाई रुजू गरेर बोर्डले नतीजा प्रकाशन गर्ने उनले बताए। अध्यक्ष शर्माले भने, "यस वर्ष एक महीना ढिलो गरी परीक्षा शुरू हुँदैछ, बोर्डले परीक्षाका नियमावली संशोधन गरेर प्रदेशलाई धेरै जिम्मेवारी दिएको छ, त्यसले नतीजाका केही दिन तलमाथि हुन सक्ला, यद्यपि बोर्डले साउन १ देखि कक्षा ११ को शैक्षिकसत्र शुरू हुनुअघि नै एसइईको नतीजा सार्वजनिक गरिसक्ने लक्ष्य लिएका छौं।"

कोरोना महामारीका कारण गत वर्षको पढाइ प्रभावित भएपछि चैत महीनाभर कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा सम्पन्न गरी भर्ना अभियान सञ्चालन गरेर जेठ १ देखि कक्षा १-१० को आगामी शैक्षिकसत्र शुरू गर्ने गरी शिक्षा मन्त्रालयले व्यवस्था गरेको छ।

### हुलाकी राजमार्ग.....

छुट्याउने बलान नदीदेखि कमला नदीसम्मको सिराहा खण्डको ३० किलोमिटर सडकमध्ये २४ किलोमिटर कालोपत्र सकिएको र बाँकी छ किलोमिटर सडकमा पनि केही दिनभित्रै कालोपत्र सकिने प्रमुख महतोले बताए। सो सडक निर्माणको ठेक्का लिएको स्वछन्द, रोशन, महादेव खिम्ती जेभी जनकपुर उपमहानगरपालिका-४, धनुषाले निर्धारित समयमैं काम सकिने गरी काम तीव्ररूपमा भइरहेको जनाएको छ।

दुई लेनको उक्त सडक कालोपत्र गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेकदार कम्पनीका इन्जिनीयर चन्द्र यादवले जानकारी दिए। धनुषा र सिराहा खण्डमा निर्माणको कामले गति लिए पनि सर्लाही खण्डमा भने भर्खरै मात्र काम शुरू भएको छ। सर्लाहीको शीतलपुर-मलङ्गवा खरैया टोलसम्मको सडक निर्माणका काम शुरूमा सडक डिभिजन कार्यालय, चन्द्रनिगाहपुर, रौतहटबाट हुँदै आए पनि काम अघि बढ्न नसकेको भन्दै हुलाकी राजमार्ग आयोजना कार्यालय, जनकपुरधामलाई हस्तान्तरण गरिएको थियो। करीब ४२ किलोमिटरको सो सडक हुलाकी राजमार्ग आयोजना कार्यालयमा हस्तान्तरण भएयता एक किलोमिटर सडकमा कालोपत्रको काम सम्पन्न भएको र अन्य खण्डमा माटो ग्राभेलको काम भइरहेको प्रमुख महतोले जानकारी दिए।

चालू आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य लिए पनि राजमार्गभित्र परेका घरटहरा हटाउन भएको ढिलाइ, ठाउँठाउँमा जग्गासम्बन्धी विवाद र कोभिड-१९ महामारीलगायत हुलाकी राजमार्ग निर्माणको कार्य केहीपछि धकेलिएको उनको भनाइ छ।

यस्तै, हुलाकी राजमार्ग अन्तर्गत सिराहादेखि सर्लाहीसम्म सडकखण्डमा निर्माणधीन नौवटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको हुलाकी राजमार्ग आयोजना कार्यालय, जनकपुरधामले जनाएको छ। सप्तरी सदरमुकाम राजविराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करीब २१ किलोमिटर सडक कालोपत्र गरिसकेको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभीका कन्टचाक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिए। बाँकी सडकमा समेत कालोपत्र गर्ने स्तरसम्मको काम सकिसकेको र धमाधम कार्य भइरहेको उनको भनाइ छ। करीब २५ किलोमिटरको सो खण्डमा अहिले ११ वटा पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको उनले बताए।

डिभिएम ७ मिटर र दुवै छेउको सोलजर २/२ मिटर गरी ११ मिटरको सडक निर्माण भइरहेको छ। २०७७ असार मसान्तभित्र सडकका सबै काम सम्पन्न गर्ने लक्ष्य भएपनि सडक निर्माणका क्रममा विभिन्न स्थानका स्थानीयवासीले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हालेको र समयमा पुल निर्माण नहुँदा काम अपेक्षाकृतरूपमा अघि बढाउन नसकिरहेको कन्टचाक्ट म्यानेजर यादवको भनाइ छ।

मधेसकै लाइफलाइनको रूपमा मानिएको हुलाकी सडकको निर्माणको काम तीव्ररूपमा अघि बढेपछि सो भेगका स्थानीयवासी खुशी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनुका साथै हजारौं युवामा रोजगारको अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ। हुलाकी सडक जीर्ण हुँदा सर्वसाधारणले सास्ती बेहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहजरूपमैं सदरमुकामसम्म पुग्न सकिने स्थानीयवासीको भनाइ छ।

पूर्व-पश्चिम राजमार्गको समानान्तर सीमा हुँदै करीब २० देखि ३० किमी दक्षिणतर्फ भएर फैलिएको हुलाकी राजमार्गलाई राणाकालीन समयदेखि नै चिठीपत्र ओसारपसार गर्ने हुलाकी हिंड्ने छोटो बाटो जसलाई पदम शम्शेरले अगाडि बढाएकाले पदम रोड पनि भनिने गरिन्छ। पूर्व-पश्चिम राजमार्गबाट मधेसका जिल्ला सदरमुकामसम्म जोड्ने ८१७ किमीको ३२ वटा सहायक राजमार्ग छन्। भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरले २०४७ सालमा नेपाल भ्रमणको क्रममा हुलाकी राजमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। भारतीय सहयोगको सैद्धान्तिक सहमति २०६१ सालमा भएपनि नेपालमा २०६२/६३ को परिवर्तनपश्चात् भारत सरकारले नेपाल सरकारबाट छनोट भएका एक हजार ४४० किलोमिटर सडकको डिजाइन सुपरिवेक्षण र निर्माण तीन चरणमा गर्ने गरी सम्झौता गरेको थियो।

सोबापत लाग्ने सम्पूर्ण खर्च भारत सरकारले बेहोर्ने र जग्गा अधिग्रहण, पोल, रूख हटाउने, हुलाकी राजमार्गमा पर्ने सम्पूर्ण पुलको निर्माण नेपाल सरकारले गर्ने प्रावधानसहितको समझदारी भएको थियो। तर मुलुकमा राजनीतिक उतारचढावका कारणले हुलाकी सडक निर्माणको काम बीचमैं रोकिएको थियो। नेपालले गरेको रेखाङ्कन अनुसार हुलाकी राजमार्गको लम्बाइ पूर्वदेखि पश्चिमसम्म एक हजार ७९२ किलोमिटर छ।


### कागजात हराएको सूचना

जयमाता दी यात्रुवाहक बसबाट मिति २०७८।१२।२९ गते काठमाडौंबाट गौर आउने क्रममा नागरिकता प्रमाणपत्र, प्रहरी परिचयपत्र, पासपोर्ट साइजको फोटो ५ थान, वाणिज्य र ग्लोबल बैंकको एटिएम कार्ड, नगद रु १०,५००।- लगायतका कागजात हराएको हुनाले पाउनुहुने महानुभावले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ।

**रूपेश कुमार साह**
गौर नपा-९, श्रीसिया, ९८४५०३७६७१

# दाबेदारहरू मतदाता रिझाउन मासु र मदिराको खोलो बगाउँदै

प्रमोद यादव, पंचगावाँ, ८ वैशाख/

पर्साका ग्रामीण क्षेत्रमा स्थानीय चुनावलाई लिएर दाबेदारहरूले मतदाता रिझाउन अहिलेदेखि मासु र मदिराको खोलो बगाउन शुरू गरिसकेका छन् । पर्साका ग्रामीण क्षेत्रको अवस्था विगतका चुनाव सरह छैन ।

मानिसहरू शिक्षित भएका छन्, रोजगारयुक्त छन् तर पनि केही प्रतिशत अशिक्षित, बेरोजगारीहरूलाई जम्मा गरेर चुनाव जित्ने अभिलाषा राखेका दाबेदारहरूले मदिरा र मासु खुवाउन शुरू गरेका हुन्। २०७८ चैत २५ गतेदेखि निर्वाचन आचारसंहिता लागू भएको छ र मतदाता आकर्षित पार्ने गरी यस प्रकारका गतिविधिमाथि पूर्णतया रोक लगाइएको छ । तर सखुवाप्रसौनी, पटेर्वासुगौली, जीराभावनी, ठोरी गाउँपालिका र पर्सागढी, बहुदरमाई, पोखरिया नगरपालिकामा दाबेदारहरूले होटल बूक गरी अबेर रातिसम्म मतदाताहरूलाई मदिरा र मासु सेवन गराइ आकर्षित पार्ने काम गरिरहेका छन् ।

अहिले राति ९ बजेपछि मदिरा बिक्री वितरण बन्द गर्नेतर्फ स्थानीय प्रहरीले चासो देखाएको छैन ।

स्थानीय चुनावमा स्थानीय दाबेदारबाट मतदाता आकर्षित पार्ने काम भएको र आफूहरू पनि सोही स्थानमा बसेर काम गर्नुपर्ने भएकोले प्रहरीले यस प्रकारका विकृतिविरुद्ध कदम चाल्न सकेको छैन । सखुवाप्रसौनी गापा–१ मधुवन मथवलकी सुनैना देवीले अबेर रातिसम्म होटल खोलेर जाड, रक्सीको खुलेआम बिक्री भइरहेको र स्थानीय प्रहरी मौन बसेको आरोप लगाएकी छन्। उनले निर्वाचन समाजको विकास र विकृतिविरुद्ध केन्द्रित हुनुपर्ने र दाबेदारहरूले पनि सोहीअनुरूपको गतिविधि अँगाल्नुपर्नेमा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेर अबेर रातिसम्म मदिरा बिक्री हुनु र सोको रोकथाम गर्ने निकाय प्रहरी मौन बस्नुले चुनावमा विकृतिले झनै प्रसय पाएको उनले दाबी गरिन् ।

अहिले मदिराको खुलेआम बिक्रीले गाउँघरमा विवाद, कुटपिट, सवारी दुर्घटना बढेको उनको गुनासो छ ।

मदिरा खाएर निर्वाचनमा एकले अर्काको कुराको प्रतिवाद गर्ने जस्ता कारणले विवाद बढ्ने र कुटाकुट हुने गरेको सुनैना देवीले बताइन् ।

# अन्तरजिल्ला सीमा सुरक्षा समन्वय बैठक सम्पन्न

प्रस, निजगढ, ८ वैशाख/

निजगढ नगरपालिकामा बिहीवार अन्तरजिल्ला सीमा सुरक्षा समन्वय बैठक सम्पन्न भएको छ ।

जिल्ला प्रशासन कार्यालय, बाराद्वारा आयोजित बैठकको उद्घाटन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवाल गरेका थिए ।

मधेस प्रदेश, बारा जिल्लाका सीमा र आसपास पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, रौतहटका कृष्णबहादुर शाही र वाग्मती प्रदेश, मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलगायत जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान कार्यालय, नेपाली सेनाका प्रमुखहरू बैठकमा सहभागी थिए ।


तस्वीरः प्रतीक

सीमा क्षेत्रमा हुने अवैध गतिविधि, लागूऔषध ओसारपसार, आपराधिक घटना, सार्वजनिक सम्पत्तिमाथिको कब्जा, अतिक्रमण, नजीकिंदो स्थानीय निर्वाचन सम्पन्न गर्नका लागि आम नागरिकमा शान्ति सुरक्षा, अमनचयनलगायत सुरक्षाका विविध विषयहरूमा निगरानी बढाउनुपर्ने, नियन्त्रण गर्नुपर्नेलगायतका विषयमा छलफल भएको बताइएको छ ।

कार्यक्रममा निजगढ नपाका प्रमुख सुरेशकुमार खनाल र उपप्रमुख लीलादेवी लामिछानेले स्वागत गरेका थिए ।

# रक्सौलमा 'प्रहरी तपाईंको घरमा' कार्यक्रम

राजेश केशरीवाल, रक्सौल, ८ वैशाख/

'प्रहरी तपाईंको घरमा' कार्यक्रम अन्तर्गत रक्सौलको थाना परिसरमा प्रहरी उपरीक्षक डा कुमार आशिषले स्थानीयको पीरमर्का, गुनासो सुने । सहभागिता थियो ।

यसैगरी, 'प्रहरी तपाईंको घरमा' कार्यक्रम अन्तर्गत लागूऔषधविरुद्धको अभियानमा सचेतनाका लागि मोटरसाइकल र्‍याली निकालिएको थियो ।


स्थानीयको गुनासो सुन्दै प्रहरी उपरीक्षक डा कुमार आशिष । तस्वीरः प्रतीक

कार्यक्रममा उमेश साह, धनमतिया कुँवर, सन्ध्या देवी, श्रीनिवास प्रसाद, दीपक गुप्ता, कमरूल होदा, पारसनाथ सिंह, त्रिपुरारी साह, हेमा देवी र गोपी किसनलगायतले आआफ्ना गुनासाहरू प्रहरी उपरीक्षक डा आशिषलाई सुनाएका थिए । गुनासो सुन्ने क्रममा प्रउ डा आशिषले थानाध्यक्षहरूलाई आफ्नो काम, कर्तव्य इमानदारिताका साथ पालन गर्न निर्देशन दिए । उनले लापरवाही नसहने र कसूर अनुसारको दण्डित गर्ने चेतावनी पनि दिए । प्रउ डा आशिषले राम्रो कार्य गरेबापत विभागले पुरस्कृत गर्दै आएको र नराम्रो कार्य गर्नेलाई पनि कारबाई गरिरहेको अवगत गराए । उनले समाजसँग मिलेर अपराध न्यूनीकरण गर्न सुझाए ।

कार्यक्रममा थाना प्रभारी डिएसपी सतीश सुमन, रक्सौल थानाध्यक्ष शशिभूषण ठाकुर, सुगौली थानाका इन्स्पेक्टर अभयकुमार सिंहलगायतको

रक्सौल थानाबाट निकालिएको सो मोटरसाइकल र्‍याली नगरपरिक्रमापछि सोही ठाउँमा आएर समापन भएको थियो ।

कार्यक्रममा लागूऔषधविरुद्ध सबैले एक भएर आवाज उठाउन सुझाइएको थियो । प्रउ डा आशिषले लागूऔषधको सेवनले समाज विकृतितर्फ उन्मुख हुने र युवाहरू यसको सजिलै शिकार हुने गरेको बताए । उनले समाज बिग्रे देश बिग्रन्छ भन्ने कुरालाई दृष्टिगत गरेर लागूऔषधविरुद्धको अभियान सार्थक पार्न घरबाट सुरुआत गर्नुपर्ने सुझाए । आफ्ना नानीहरू यसखाले कुलतको शिकार भएका छन् भने त्यसलाई सुधार्ने र प्रहरीमा सूचना दिएर सहयोग गर्न अपील गरे । यस्ता खाले विकृतिविरुद्ध प्रहरीले सक्दो सहयोग गर्ने उनले आश्वासन दिए । सो अवसरमा यो अभियानमा सहभागिता जनाउने विभिन्न सङ्घसंस्थालाई प्रउ डा आशिषले सम्मानित गरेका थिए ।

# हतियारसहित दुईजना पक्राउ

राजेश केशरीवाल, रक्सौल, ८ वैशाख/

रक्सौल प्रहरीले कट्टुवा बन्दुक र सोमा प्रयोग हुने गोलीसहित दुईजना युवकलाई पक्राउ गरेको छ । रक्सौल थानाध्यक्ष सबइन्स्पेक्टर शशिभूषण ठाकुरले गस्तीको क्रममा रक्सौलको बाटा शोरूमनजीकबाट मोटरसाइकलमा सवार दुईजना युवकलाई चेकजाँच गर्दा कट्टुवा बन्दुक र गोली बरामद भएको बताए ।

उनले शङ्काको आधारमा मोटरसाइकल रोकेर कागजपत्र माग गरेको तर उनीहरूले कागजपत्र नदिएपछि चेकजाँच गरिएको र सो क्रममा बडापरेवा निवासी मुमताज खान र फैयाज खानबाट कट्टुवा बन्दुक, गोली बरामद भएको बताए । कट्टुवा र गोली बरामद भएपछि दुवै युवकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको उनले बताए ।

पक्राउ परेका खानद्वय दाजुभाइ भएको प्रहरीले बताएको छ ।


पक्राउ परेकाहरूलाई सार्वजनिक गर्दै प्रहरी । तस्वीरः प्रतीक

# पर्सागढीमा काङ्ग्रेसको मोटरसाइकल र्‍याली

प्रस, पर्सागढी, ८ वैशाख/

पर्सागढी नगरपालिका–४ मा नेपाली काङ्ग्रेसले मोटरसाइकल र्‍याली आयोजना गरेको छ । स्थानीय निर्वाचनलाई लक्षित गरी वडा कमिटीका सभापति जङ्गबहादुर दास थारूको अध्यक्षता तथा वडाध्यक्षका दाबेदार समसुद्दीन शाह देवानको नेतृत्वमा निकालिएको मोटरसाइकल र्‍याली विभिन्न टोल परिक्रमा गरी हरदासपुर टोलमा कोणसभा गरेर समापन भएको थियो । कोणसभामा पर्सागढीका नगरप्रमुख एवं नगरप्रमुखका दाबेदार लोकनारायण यादवले पर्सागढीको भौतिक विकास, शिक्षा र स्वास्थ्यको अवस्था अझै बलियो बनाउने प्रतिबद्धता जाहेर गरे ।



कार्यक्रममा उपप्रमुख अर्चना चौधरी, उपसभापति अच्छेलालप्रसाद यादव, रामेश्वरसाह कानू, रामबाबू पटेल, आलोककुमार सिंहलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## पर्साका १३ वटा पालिकामा.....

गर्नका लागि बिहीवार निजगढ नगरपालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ ।

निजगढ नगरपालिकाको कार्यालयमा निर्वाचन अधिकृत शम्भुप्रसाद बरालको कार्यालय स्थापना गरिएको हो ।

यही वैशाख ३० गते सम्पन्न गर्न तोकिएको निर्वाचन प्रक्रिया सम्पन्न गर्न अधिकृत बराललाई सरकारले खटाएको हो ।

निर्वाचन अधिकृत बराललाई निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले स्वागत गरेका थिए । सो कार्यालय निजगढ नपा–७ को कार्यालयमा स्थापना गरिएको छ । अधिकृत बरालले आजै विभिन्न स्थानीय राजनीतिक दल, सुरक्षा कार्यालयका प्रमुख, सञ्चारकर्मीहरूको सर्वदलीय बैठक राखी निष्पक्ष र भयरहित ढङ्गले निर्वाचन सम्पन्न गर्न राजनीतिक दल तथा उम्मेदवारहरूले पालना गर्नुपर्न आचारसंहितालगायतका विषयमा छलफल गराएका थिए ।

## दुर्घटनामा पत्रकारको मृत्यु.....

इलाका प्रहरी कार्यालय, सिमरा, बाराले जनाएको छ । मृतक चौलागाईं सोलखपुरबाट प्रकाशन हुने ज्वलन्त खबरका प्रकाशक हुन् । पत्रकारितामा रहँदा विदेश गएका उनी त्यहाँबाट फर्केर पुनः पत्रकारितामा संलग्न भएका थिए ।

# नेकपा एसको जनसम्पर्क कार्यालय सञ्चालन

प्रस, वीरगंज, ८ वैशाख/

नेकपा एकीकृत समाजवादी पार्टीको वीरगंज महानगर–१४ पिपरामा जनसम्पर्क कार्यालय सञ्चालनमा आएको छ । पोलिटब्युरो सदस्य चिरञ्जीवी आचार्य र नागेन्द्र चौधरीले कार्यालयको संयुक्त उद्घाटन गरेका थिए ।


तस्वीरः प्रतीक

वडा कमिटी अध्यक्ष मदनप्रसाद कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला अध्यक्ष बालगोपाल थापा, महानगर अध्यक्ष मनोज चौधरी, जिल्ला इन्चार्ज रामचन्द्र साह, केन्द्रीय लेखा आयोगका सदस्य किशोरी कुशवाहा, युवा सङ्घ नेपालका केन्द्रीय सदस्य अनिल पटेल, गङ्गा खड्कालगायतको सहभागिता थियो । यसैबीच, स्थानीय तहको चुनावमा वडाबाट अध्यक्षमा रामबालक पटेल र सदस्यहरूमा मुकेश पटेल, रामदिनेश पटेलको उम्मेदवारी घोषणा गरिएको छ ।

कार्यक्रमको सहजीकरण प्रह्लाद कोइरालाले गरेका थिए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**स्वदेशी उत्पादन, उद्योगी र व्यवसायलाई प्रवर्द्धन गरौं ।**
- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गरौं,
- रोजगारको सिर्जना हुने खालका उद्योग, व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- विलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड